web

# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९ (कृषि बिकाश शाखा)
चलानी नं.

मितिः- २०७८/ ०९ /३०

**विषय :- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) निरन्तरता सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित सुचना २०७८/०९/३०**

कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनियानी झापाको आ.ब २०७८/२०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, तर्फको धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट) बिकास कार्यक्रम संचालन गनुपर्ने भएको हुदा ५० प्रतिशत तागत साझेदारीमा अनुदानमा कार्यक्रम संचालन गर्न इच्छुक कृषक, कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको १५ दिन मा मिति २०७८/१०/ १४ गते भित्र कार्यविधि २०७७ मा तोकिएको ढाचा (अनुसूची ६,७ र १०) अनुसार यस गाउँपालिकाको कार्यालयमा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु र बिगतका बर्षहरुमा सोहि प्रकृतिका अनुदान प्राप्त गरेको कृषक, कृषक समूह/कृषि सहकारी/कृषि फर्म, जल उपभोक्ता समितिका सदस्यका प्रस्तावहरु छनौट नहुने व्यहोरा जानकारी गराईन्छ।

तपशिल

| क.स | लागत साझेदारीमा संचालन हुने पकेट कार्यक्रम | संख्या | खेति गरिने पकेटको क्षेत्रफल | अनुदानको किसिम | कार्यक्रम संचालन गरिने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | साना व्यवसायिक बाली उत्पादन केन्द्र (धान बाली पकेट) | १ | २० हेक्टर (३० बिघा) | ५० प्रतिशत लागत साझेदारी | चैते धान उत्पादन हुने क्षेत्र | नयाँ पकेट |
| २. | साना व्यवसायिक उत्पादन केन्द्र (च्याउँ पकेट) | १ | १००० केजि च्याउँको बिउ | " | - | १ बर्षका लागी |

**निबेदन साथ पेश गनुपर्ने आवश्यक कागजातहरु :**

१. यस स्थानिय निकायमा दर्ता भएको कृषक समूह, कृषि सहकारी/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२) स्थायी लेखा नम्वरको प्रतिलिपि ।

३) कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा जल उपभोक्ता समितिले साझेदारीमा कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि

४) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

६) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि सहित समूह,कृषि सहकारी,कृषि फर्म तथा जल उपभोक्ता समितिका सदस्यहरुको नामावली पत्र ।

७) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

| | | |
|---|---|---|
| ईश्वरी विष्ट | अमित दुङ्गाना | कुमार वस्नेत |
| कृषि बिकाश शाखा | परियोजना संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner